स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत सोमबार र मंगलबार भएको जेनजी आन्दोलनको विषयलाई भारतीय मिडियाहरुले निकै प्राथमिकता दिए। नेपालमै आएर समेत भारतीय पत्रकारले रिपोर्टिङ गरे। जेनजीको आन्दोलनपछि भारतीय मिडियाले नेपालका राजनीतिज्ञ, कलाकार, उद्योगपति र खेलाडीहरुको बारेमा विशेष सामग्री तयार पारिरहेका छन्। यसैक्रममा अभिनेता राजेश हमाल पनि चर्चाको विषय बनेका छन्।

आजको विचार...



अब ...
(दुई पेजमा)

डा. विपिन अधिकारी

जेनजी आन्दोलनपछि उत्पन्न राजनीतिक परिस्थितीको कारण फिल्मको रिलिज एकपछि अर्को गरि स्थगित हुन थालेका छन्। गतसाता 'अभिमन्यु'को प्रदर्शन स्थगित भैसकेको छ। संविधान दिवसको अवसरमा ३ असोजमा प्रदर्शन तयारीमा रहेको प्रतीक्षित नेपाली फिल्म 'जारी २'को प्रदर्शन रोकिएको छ। 'मुलुकको जनजीवन पुनः लयमा फर्किन थालेको खण्डमा नयाँ मिति घोषणा हुने नै छ'दर्शैंको फूलपातिमा रिलिज हुन लागेका फिल्मको प्रदर्शन पनि प्रभावित हुनसक्ने देखिएको छ।



❒ वर्ष ३१ ❒ अंक ५८ ❒ २०८२ भदौ २८ गते शनिबार 13 September 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# जेनजी आन्दोलनमा मृत्यु हुनेको संख्या बढ्दै

## शुक्रबारसम्म ५१ जना पुगे

## पोस्टमार्टमपछि शव परिवारको जिम्मा लगाइँदै

## जनजीवन अझै सहज बनेन्

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ २७/जेन-जी आन्दोलनका कारण मृत्यु हुनेको संख्या ५१ पुगेको छ । नेपाल प्रहरीका अनुसार शुक्रबार साँझ सम्म मृतकको संख्या ५१ पुगेको जनाएको हो ।

मृतक मध्ये २१ जना जेन-जी हुन् भने बाँकी अन्य हुन् । जसमा ३ जना सुरक्षाकर्मी पनि रहेका छन् । कैदीबन्दी ९ जना रहेका छन् भने बाँकी १८ जलेर वा अन्य कारणले मृत्यु भएका हुन् । दुई सय ८१ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । आन्दोलनका क्रममा १ हजार ७ सय ७१ जना घाइते भएका थिए ।



१ हजार ३ सय ७९ जना अस्पतालबाट डिस्चार्ज भैसकेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । शवको शुक्रबारदेखि पोस्ट मार्टम सुरु भएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा ३६ वटा शव संकलन भएका फरेसिन्क विभागले जनाएको छ । शव अस्पतालमा पुगे पनि घटना मुचुल्का नहुँदा पोस्टमार्टम रोकिएको थियो । प्रहरी परिसरहरुले पोस्टमार्टम गर्न मतृकका परिवारलाई सिफारिस दिएको र त्यसैको आधारमा काम अघि बढाइएको फरेसिन्क विभागले जनाएको छ । पोस्टमार्टम सकेर शव परिवारको जिम्मा लगाउने शिक्षण अस्पतालले जनाएको छ । सोमबार भएको जेनजीको आन्दोलन र मंगलबारको प्रदर्शनका कारण उत्पन्न परिस्थितिपछि देशभरको जनजीवन अझै सहज भइसकेको छैन । शुक्रबार पनि धेरैजसो जिल्लामा स्थानीय प्रशासन कृर्यू र निषेधाज्ञा जारी गरेको छ । केही जिल्लामा निषेधाज्ञाकै बीच जनजीवन सामान्य बन्दै गएको छ । रुपन्देहीमा अहिले पनि निषेधाज्ञा र कृर्यु जारी नै रहेको छ । जिल्ला प्रशासन कार्यालय रुपन्देहीले विभिन्न ठाउँमा हुनसक्ने प्रदर्शन, जुलुस, झडप, हुलदंगालगायतलाई मध्यनजर गरेर शुक्रबार मध्याह्न अनिश्चितकालीन निषेधाज्ञा र कृर्यु जारी गरेको छ । प्रमुख जिल्ला अधिकारी टोकराज पाण्डेद्वारा स्थानीय प्रशासन ऐनअनुसार जारी आदेशअनुसार प्रत्येक राति १० देखि बिहान ६ बजेसम्म जिल्लामा कृर्यु कायम हुनेछ । त्यस्तै हरेक दिन विहान ६ बजेदेखि राति १० बजेसम्म निषेधाज्ञा आदेश जारी गरिएको छ । कृर्युको समयमा हिँडडुलमा प्रतिबन्ध लगाइएको छ भने निषेधाज्ञा अवधिमा ५ जनाभन्दा बढी भेला हुन रोक लगाइएको छ । यस अवधिमा कानुनको उल्लंघन गर्नेलाई कानुनबमोजिम कारबाही गरिने प्रशासनले जनाएको छ । शुक्रबार बिहान सद्भाव ऱ्याली आयोजना गरिएपछि यस्तो आदेश जारी गरिएको हो । पाल्पामा भने निषेधाज्ञा र कृर्यु जारी गरिएको छैन् ।

## सक्षिप्त समाचार

### इजरायली हवाई आक्रमणमा ३५ को मृत्यु

**(रासस/सिन्हवा)**

**साना,** भद्रौ २७/उत्तरी यमनको हुथी नियन्त्रणमा रहेको क्षेत्रमा इजरायलले गरेको हवाई आक्रमणमा परी कम्तीमा ३५ जनाको मृत्यु भएको हुथी नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ । आक्रमणमा परी १३१ जना घाइते भएको मन्त्रालयले पुष्टि गरेको छ । मन्त्रालयका अनुसार आक्रमणमा अधिकांश मृत्यु राजधानी सानामा भएको छ । त्यहाँ २८ जनाको मृत्यु भएको र ११३ जना घाइते भएका छन् । उत्तरी प्रान्त अल-जावफमा सात जनाको मृत्यु हुनुको साथै १८ जना घाइते भएका छन् । उद्धार टोलीले भग्नावशेषमा खोजी गरिरहेकाले मृतकको सङ्ख्या बढ्न सक्ने बताइएको छ । प्रत्यक्षदर्शीका अनुसार सानामा भएको आक्रमणले रक्षा मन्त्रालय, हुथी सेनाका प्रवक्ता याह्या सारियाको कार्यालय, एक सैन्य शिविर र इन्धन भण्डारण स्थललाई लक्षित गरेको थियो । आक्रमणस्थलबाट नजिकैका घरहरू र नागरिक सुविधाहरूमा पनि क्षति पुगेको बताइएको छ ।

## जेनजी आन्दोलनका मृतकको सम्झनामा अमेरिकामा दीप प्रज्वलन



**भरत शर्मा**

**अमेरिका,** भदौ २७/नेपालमा भदौ २३ र २४ मा भएको जेनजीको प्रदर्शनका क्रममा प्रहरीले गोली चलाउँदा मृत्यु भएकाको सम्झनामा अमेरिकाको भर्जिनियामा दीप प्रज्वलन गरिएको छ । अमेरिकाको भर्जिनियामा रहेका नेपालीहरुले नेपालमा जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाउने युवाहरुको सम्झनामा श्रद्धाञ्जली अर्पण गर्दै दीप प्रज्वलन गरेका हुन् ।

संक्षिप्त शोकसभामा सशांक कार्की, अर्जुन गौतम, द्रोण भुषाल लगायतले जेनजीको आन्दोलनमा मारिएकाहरुप्रति गहिरो दुख व्यक्त गरेका छन् । उनीहरुले सरकारले अनावश्यक बल प्रयोग गरेर स्कूल/कलेजस्तरमा रहेका होनहार युवाहरुको ज्यान लिने जघन्य अपराध गरेको बताएका छन् । उनीहरुले देश रोएको हुँदा आफुहरु मर्माहत भएको उल्लेख गरे । आन्दोलनका क्रममा कलिला बालबालिकाले ज्यान गुमाउनु परेकोमा आफुहरुलाई निकै पिडा भएको बताउदै शोकलाई शाक्तिमा बदल्न बाध्य बनाएको उनीहरुको भनाई छ । आफुहरुको जन्मघरको माया ममता रहेको बताउदै दुःखद यो समयमा आन्दोलनका क्रममा निधन हुनेको परिवारलाई न्यायोचित सहयोग र घाइतेको निःशुल्क उपचार हुनुपर्ने उनीहरुको धारण छ । उनीहरुले आन्दोलनमा आफ्ना बाबु-नानी गुमाएका अभिभावकहरुप्रति समवेदना समेत व्यक्त गरेका छन् । यसैबीच अमेरिकामा नेपालीहरुले ड्यालस, बाल्टिमोर, बोस्टन लगायतका शहरमा समेत शोकसभा एवं आन्दोलनमा मारिएकाहरुको सम्झनामा दीप प्रज्वलन गरेका छन् ।

## सामान्य बन्दै गुल्मीको जनजीवन

**गुल्मी,** भदौ २७/ जेनजी आन्दोलनका कारण प्रभावित बनेको यहाँको जनजीवन यतिबेला सामान्य बनेको छ । जिल्लामा शुक्रबारबिहानदेखि यातायात, शिक्षण संस्थ, उद्योग तथा व्यापार व्यावसाय सबै सञ्चालन भएका छन् ।सदरमुकाम तम्घासलगायत जिल्लाका मुख्य बजार क्षेत्रमा मानिसहरु निर्वाध रुपमा आफ्नो नियमित काममा निस्केका छन् । जिल्लाबाट पाल्पा र बुटवलसम्म आवतजावत गर्ने सवारीसाधन सञ्चालनमा आएका छन् ।




सवारी साधनहरु सञ्चालन भएसँगै यात्रुको चहलपहल समेत बढेको छ । सरकारी कामकाजका लागि सदरमुकाम तम्घासस्थित जिल्ला प्रशासन कार्यालय, अस्पताल, मालपोत, नापीलगायतका कार्यालयमा बिहानदेखि सेवाग्राहीहरुको चाप बढेको छ । गुल्मी शान्त जिल्ला भएका कारण गुल्मीमा कर्फ्युसमेत लगाउन नपरेको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद कोइरालाले बताए । उनले सबैको संयमितता र धैर्यताका कारण जिल्ला अप्रिय घटना हुनबाट जोगिन सफल बनेको बताए । जिल्लामा संस्थागत विद्यालय आजदेखि पूर्ण रुपमा सञ्चालनमा आएका छन् । उनीहरुले शनिबार पनि विद्यालय सञ्चालन गर्ने जनाएका छन् । सामुदायिक विद्यालय पनि आंशिक रुपमा सञ्चालनमा आएका छन् । उनीहरुले शुक्रबार एक दिनका लागि मात्र विद्यार्थीलाई बोलाएर दुःख दिनुभन्दा आइतबारदेखि पठनपाठन नियमित गर्ने जनाएका छन् । नेपाली सेनाले पनि सदरमुकाम क्षेत्रमा गस्तीलाई कम गर्दै लगेको छ । मानिस चोकचोक र चिया पसलमा जम्मा भएर वर्तमान राजनीतिक अवस्थाका बारेमा चर्चा परिचर्चा र विमर्श गर्न थालेका छन् । वित्तीय संस्था पनि आजदेखि पूर्ण रुपमा सञ्चालनमा आएका छन् । जिल्लाको जनजीवन पुरानै लयमा फर्कन थालेको छ । जेनजी आन्दोलनका कारण जिल्लामा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेकपा (माओवादी केन्द्र)को पार्टी कार्यालयमा क्षति पुगे पनि अन्य व्यक्तिगत र सरकारी संरचना भने क्षति हुनबाट जोगिएको छ ।

-रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## प्राथमिक उपचार दिवसको सार्थकता

प्राथमिक उपचार दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । प्राथमिक उपचारको महत्वका विषयमा समुदायमा चेतना अभिवृद्धि गर्ने र प्राथमिक उपचार गर्ने स्वयंसेवकहरूलाई सम्मान गरी उत्प्रेरणा बढाउने उद्देश्यले हरेक वर्ष सेप्टेम्बर महिनाको दोस्रो शनिबार विश्व प्राथमिक उपचार दिवस मनाउने गरिन्छ । प्राथमिक उपचार भन्नाले बिरामी अथवा घाइतेलाई अस्पताल अथवा स्वास्थ्य संस्थामा पुऱ्याउनु अघि गरिने उपचारलाई बुझिन्छ । प्राथमिक उपचार भनेको प्रथम उपचार अथवा सुरुमा गरिने उपचार हो । कुनै पनि घटनास्थलमा चिकित्सकको आगमन अघि सामान्य उपकरण तथा सामग्रीको प्रयोग गरी गरिने बिरामीको उपचारलाई प्राथमिक उपचार भनिन्छ ।

दुर्घटनामा परी घाइते भएका मानिसको अवस्था अझै नबिग्रियोस भनेर घाइतेलाई चिकित्सकको पहुँचमा पुग्नु अघि दिइने सामान्य उपचार प्राथमिक उपचार हो । प्राथमिक उपचारले बिरामी अथवा घाइतेलाई तत्काल राहत तथा मानसिक रूपमा खतरामुक्त भएको महसुस गराउन मद्दत गर्दछ । नेपालमा पनि हरेक वर्ष सयौं जनाले सडकमा हुने दुर्घटनाका कारण ज्यान गुमाउने गरेका छन् । दुर्घटनामा घाइते बन्न पुगेकाहरूलाई सामान्य प्राथमिक उपचार प्रदान गर्ने हो भने पनि उसको ज्यान जोगिने सम्भावना बढेर जान्छ । सानादेखि ठूलासम्मका दुर्घटनामा घाइते हुन पुगेकालाई प्राथमिक उपचार दिने हो भने उसको ज्यान जोगाउन पनि सहज हुन्छ । प्राकृतिक विपत्तिदेखि दुर्घटनाको अवस्थामा मानिसहरू निकै आत्तिने, र जसोतसो अस्पताल पुऱ्याउन हतारो गर्दछन् । यस्तो प्रवृत्तिले कतिपय अवस्थामा विरामीको ज्यानै जानेदेखि उपचार प्रक्रिया निकै जटिल पनि हुन सक्दछ । त्यसको बदलामा घटनास्थलमा उपलब्ध मानिसले घटनास्थल र विरामीको राम्रो मूल्यांकन गरी जति सक्दो छिटो प्राथमिक उपचार दिनुपर्दछ । यसो गर्न सकियो भने मात्र प्राथमिक उपचार दिवस मनाउनुको सार्थकता रहन्छ ।

### Opinion @ Social Network

आ-आफ्नो नसिबको कुरा हो
हर कोहि फुलको भाग्यमा मन्दिर हुदैन ।
*(निरुता थारुको फेसबुक स्टाटसबाट www.facebook.com/Nirura.Tharu)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अब कसरी बन्छ राष्ट्रिय सरकार ?



डा. विपिन अधिकारी

*संसद विघटनको चर्चा आइरहेपनि जेनजीहरुले यस्तो माग उठाएको थाहा नभएको बताएका डा.अधिकारीले संसद विघटनको कुरा बालेन्द्र शाहले उठाएको आफूलाई जानकारी आएको बताए । 'संसद विघटन गर्ने हो भने पनि एउटा उद्देश्यका लागि गर्ने हो । त्यसमा पनि राष्ट्रपति, आन्दोलनका नेताहरु र सुरक्षा दिइरहेको नेपाली सेनाको दृष्टिकोण पनि मिल्न जरुरी छ । सेनालाई अगाडि नराखि जेसुकै गर्यो भने परिस्थिति सामान्य बन्ने अवस्था हुँदैन । किनभने शान्ति सुरक्षा सेनाले नै दिइरहेको छ । यस्तो अवस्थामा सिभिलियन(नागरिक) सरकार बनाउन सकिन्छ । अहिलेको परिस्थितिलाई यसले समाधान गर्नसक्छ । राष्ट्रपतिले एउटा सर्वस्वीकार्य व्यवस्था गर्न सक्छन् । अहिलेको संविधान अन्तरगत प्रतिनिधिसभाको सदस्य रहेको व्यक्तिले सरकार बनाउन पनि सक्छ । प्रतिनिधिसभामा जुन विकल्पहरु छन् ती विकल्पहरुमध्ये यदि कुनै विकल्पलाई स्वीकार्य गरिन्छ भने ६ महिनाको अवधि दिएर निर्वाचन पनि गराउन सकिन्छ,' उनले अगाडि भने,'तत्कालका मागहरु सम्बोधन गर्नका लागि अन्तरिम राष्ट्रिय सरकार पनि बनाउन सकिन्छ । अन्तरिम भन्नुको अर्थ छोटो अवधिका लागि भन्ने हो ।' नयाँ पुस्ता जो संसदमा छन् ति मध्ये कसैको नाम लिडरसिपमा सहमति हुन्छ भने सबै पक्षकाबिच नागरिक सरकार बनाउन सकिने उनले औंल्याए । नेता जो भएपनि सेयर गरेको पावर हुनुपरयो । सबैको प्रतिनिधित्व हुनुपर्छ । आन्दोलन गर्नेहरुले पत्याएको प्रतिनिधित्वहरु पनि ल्याउनुपर्यो ।'*

जेनजी पुस्ताका नाममा भएको आन्दोलन हिंस्रक बनेपछि वार्ता र संवादको प्रक्रिया अन्यौलमा छ । राष्ट्रपति र प्रधानसेनापतिबाट आन्दोलनकारीलाई वार्ताका लागि आव्हान गरेपनि जेनजी पुस्ता नेतृत्वविहीन जस्तै देखिएको छ र वार्ताका लागि प्रतिनिधिको नाम पठाउन सकेका छैनन् । आन्दोलनका क्रममा प्रधानमन्त्री एवम मन्त्रीदेखि सांसदहरुको समेत राजीनामा आइसकेकाले अब मुलुक कसरी अगाडि बढ्छ भन्नेमा अन्यौलता छाएको छ । जेनजीहरुले संसद विघटनदेखि अन्तरिम नागरिक सरकारको परिकल्पना गरेका छन्। यस्तो परिस्थितिमा सरकार निर्माणबारे विभिन्नखाले बहसहरु भइरहेका छन् । संविधानविद् डा.विपिन अधिकारी सरकार बनाउने फरक फरक बाटो अपनाउनुपर्ने अवस्था आएको बताउँछन् । उनले भने, 'जुन आन्दोलन भएको छ त्यसलाई सम्बोधन गर्ने भन्ने दृष्टिकोणबाट यदि सरकार निर्माण गर्ने हो भने एउटा बाटो अपनाउन सकिएला तर संविधान सम्मत हिसावले जाने हो अर्को बाटो हुनसक्छ । तर हाल देशमा संसद रहेकाले सोही संसदभित्रकै प्रतिनिधिबाट सरकार बनाउनुपर्ने अवस्था आउला । केही पार्टीका सांसदहरुले सामूहिक राजीनामा दिएपनि संसदबाटै सरकार निर्माण भएको अवस्था पनि छ। तर संसदमार्फत सरकार निर्माण गर्ने हो आन्दोलनको मागलाई कसरी सम्बोधन गर्ने भन्नेमा दुविधा आउनसक्छ । त्यसैले मध्यमार्गी बाटो अपनाउन सकिन्छ ।' संसद विघटनको चर्चा आइरहेपनि जेनजीहरुले यस्तो माग उठाएको थाहा नभएको बताएका डा.अधिकारीले संसद विघटनको कुरा बालेन्द्र शाहले उठाएको आफूलाई जानकारी आएको बताए । 'संसद विघटन गर्ने हो भने पनि एउटा उद्देश्यका लागि गर्ने हो । त्यसमा पनि राष्ट्रपति, आन्दोलनका नेताहरु र सुरक्षा दिइरहेको नेपाली सेनाको दृष्टिकोण पनि मिल्न जरुरी छ । सेनालाई अगाडि नराखि जेसुकै गर्यो भने परिस्थिति सामान्य बन्ने अवस्था हुँदैन । किनभने शान्ति सुरक्षा सेनाले नै दिइरहेको छ । यस्तो अवस्थामा सिभिलियन(नागरिक) सरकार बनाउन सकिन्छ । अहिलेको परिस्थितिलाई यसले समाधान गर्नसक्छ । राष्ट्रपतिले एउटा सर्वस्वीकार्य व्यवस्था गर्न सक्छन् । अहिलेको संविधान अन्तरगत प्रतिनिधिसभाको सदस्य रहेको व्यक्तिले सरकार बनाउन पनि सक्छ । प्रतिनिधिसभामा जुन विकल्पहरु छन् ती विकल्पहरुमध्ये यदि कुनै विकल्पलाई स्वीकार्य गरिन्छ भने ६ महिनाको अवधि दिएर निर्वाचन पनि गराउन सकिन्छ,' उनले अगाडि भने,'तत्कालका मागहरु सम्बोधन गर्नका लागि अन्तरिम राष्ट्रिय सरकार पनि बनाउन सकिन्छ । अन्तरिम भन्नुको अर्थ छोटो अवधिका लागि भन्ने हो ।' नयाँ पुस्ता जो संसदमा छन् ति मध्ये कसैको नाम लिडरसिपमा सहमति हुन्छ भने सबै पक्षकाबिच नागरिक सरकार बनाउन सकिने उनले औंल्याए । 'संसदमा नभएको व्यक्तिलाई पनि सामेल गरि मन्त्रीमण्डल बनाउन सकिन्छ । तर जेनजीलाई पनि प्रतिनिधित्व गराउने हो भने राष्ट्रिय सरकार बनाउनुपर्छ,' उनले अगाडि भने,'राष्ट्रिय सरकार भन्नाले देशमा राजनीतिक जति मतहरु छन् ति मतहरुको प्रतिनिधित्व हुने खालको सरकार हुनुपर्छ । नेता जो भएपनि सेयर गरेको पावर हुनुपरयो । सबैको प्रतिनिधित्व हुनुपर्छ । आन्दोलन गर्नेहरुले पत्याएको प्रतिनिधित्वहरु पनि ल्याउनुपर्यो ।' उनका अनुसार त्यस्तो सरकारलाई आर्मीको सहयोग र राष्ट्रपतिले पनि वैधता प्रदान गर्नसक्न हुनुपर्छ। 'अहिलेको समस्या के छ भने देशमा केयर-टेकर सरकार छ, कार्यवाहक सरकार छ । तर उसको राजनीतिक वैधानिकता हराएको अवस्था छ। हालको अवस्थामा संसदभित्रबाट काङ्ग्रेस कि माओवादीको एउटा वैकल्पिक सरकार होला । तर यो सरकार आन्दोलनको अपेक्षा होइन् । आन्दोलनले खोजेको के हो भने पुराना पुस्ताका मान्छे बिदा गर्ने र नयाँ पुस्ताको मान्छे त्योपनि संविधानसम्मत हिसाबले नेतृत्व गर्न सक्ने हुनुपर्छ,' अधिकारीले भने । प्रजातन्त्र पनि होस, संविधान पनि कायम रहोस तर एउटा राष्ट्रिय सरकार बनोस भन्ने अर्थमा अन्तरिम शासनका लागि सरकार बनाउनुपर्ने उनको बुझाइ छ । संसद बन्द गर्ने उद्देश्य छ भने सबै पक्षको उपस्थिति रहेको राष्ट्रिय सरकार हुनुपर्ने उनले बताए । 'सबै पक्षको उपस्थिती भएपछि उनीहरुले ऐन कानूनहरुमा कुन किसिमले संशोधन नियन्त्रण हुन्छ वा के गर्दा सुशासन हुन्छ भन्ने कुराका लागि एउटा कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ,' डा.अधिकारीले भने,'अहिलेको अवस्थामा कतिपय ऐन कानूनका कुराहरु संविधानमा संशोधन गर्नुपर्ने देखिन्छ । यि सबै कुराहरु बनाउनका लागि सर्वस्वीकार्य सरकार चाहियो र आम सहमति पनि चाहियो ।' दुई दिनको आन्दोलनमा ठूलो क्षति भएकाले जेनजीहरुले घुसपैठ भएको, हिंसा तोडफोड र आगलागी गर्ने हाम्रो नीति नभएको, हामी पछाडी हटेपछि पनि यस्तो कार्यहरु भएको उनीहरुले बताइरहेको अधिकारीको भनाइ छ । आन्दोलनमा भएको धनजनको क्षतिबारे न्यायीक जाँच नै हुनुपर्ने कुरा उनले जोडले उठाएका छन् । 'यस्तो कार्यहरु गर्नका लागि एउटा राष्ट्रिय सरकार नै चाहिन्छ । किनभने राजनीतिक दलका कार्यकर्ताहरु कुन रुपमा सहभागि भएका छन्, कति उश्रृंखल भए वा कति विद्यार्थीहरु हुन्, कति अपराधीहरु हुन् त्यो कुराको लागि निषपक्ष छानबिन गराउन पनि राष्ट्रिय सरकार आवश्यक छ,' उनले भने । संविधान संशोधनको कुरा सामान्य विषय नभएकाले सडकबाट संशोधन गर्न नसकिने उनले औंल्याए । 'संविधान राष्ट्रपतिको बलबाट मात्रै संशोधन गर्न सकिदैन। किनभने अब सेनाको संलग्नता भइसकेको छ। राष्ट्रपतिको मात्रै क्षमता पुग्दैन । अहिले गराउने भनेको प्रतिनिधिमूलक सरकारको निर्माण तथा सबै पक्षको सहभागिताको सरकार हो । त्यो सहभागिताले निश्चित रुपमा निकासको बाटो खोज्न सक्छ । साथै चुनाव गराएर नयाँ म्यान्डेट अनुसार काम गर्नसक्छ,' संविधानविद् डा.अधिकारीको भनाइ छ ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२११२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पिटल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दिन आलस्यमय रहन सक्छ। समयलाई आफ्नो अनुकूल बनाउन सकिनेछ। | **तुला** : कार्य सम्पादनमा समस्या आउला । यात्रामा मालसामान हराउन सक्छ । |
| **वृष** : माया प्रेममा धोका हुन सक्छ भने एकोहोरो माया प्रेमले सताउनेछ । | **वृश्चिक** : शत्रुहरू सक्रिय रहनेछन्। अवसरवादीहरूले खुट्टा तान्नेछन्। |
| **मिथुन** : मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । पेसाबाट लाभ हुनेछ । | **धनु** : रमाइलो यात्राको योग रहेको छ । मनमा हर्ष, उमंग र उत्साह रहला । |
| **कर्कट** : अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । | **मकर** : खर्चका योग छन् साबधान र हनुहोला। राजनीतिक क्षेत्रमा लाभ रहनेछ। |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइन्छ । | **कुम्भ** : मनमा दुबिधा उत्पन्न होला । सौन्दर्यतामा धन खर्च हुनेछ । |
| **कन्या** : स्वास्थ्य सबल रहनेछ। व्यापार व्यवसायमा जीवनसाथीबाट सहयोग पाइएला। | **मीन** : इच्छा र आकांक्षाको पूर्ति हुनेछ। सन्तानको प्रगतिले प्रसन्नता मिल्नेछ। |

# साहित्य दर्पण

कथा — विमल लामिछाने

# माफ गर, म अर्कैकी भइसकेँ !

चिसो बिहानको उज्यालोमा, कलेजको पुरानो क्यान्टिनको एक कुनामा भेटिन्छन् नवल र सेजल । चियाको बाफ उडिरहेको कप हातमा थामेर आपसमा जुधीरहेको उनीहरूको नजरको पहिलो भेट गजबको थियो । केही शब्द नबोल्दै एकले अर्कोको नजरको भाव पढिरहेको थियो । त्यहीबेला नेपत्थ्यमा एउटा संगीतको धुन बजिरहेको मन्द आवाज कानमा गुञ्जिन्छ, मानौ गोधुली साँझपख बगैचामा झ्याउकिरीको आवाज झै । कलेज अवधीभर कहिल्यै छुट्टिएनन् उनीहरु । मान्छेहरुलाई लाग्थ्यो उनीहरुको प्रेमलाई नौ रेक्टरस्केलको भूकम्पले पनि हल्लाउन सक्ने छैन । दैनिकजसोका सेजलका ती नजरहरुमा स्वाभिमानी मोहनी भरिएका देखिन्थे । कहिलेकाहीं आफैंसँग गम्भीर संवादमा डुबेका, कहिलेकाहीं अनायासै मुस्कुराउने, उसको हाँसोमा कुनै अभिमान देखिँदैनथ्यो । नवल र सेजलविचका प्रेमिल भेटहरुमा कुनै प्रेम कथाको श्रृखला थिएन, तर अनुभूतिको एउटा अव्यक्त प्रस्तावना थियो । तर गहिरो आत्मविश्वास एकाएक छचल्किन्छ, जसले नवललाई झस्कायो ।

चियाको सुरुपसँगै सेजलले भनिन्, स्कूलमा जीवनभर पढेका किताबहरूले कहिल्यै धोका दिएनन्, तर मान्छेहरू कहिलेकाहीं छुट्टिन्छन् । नवलले सोचे, शायद प्रेम पनि त्यस्तै होला, सुखद र पीडादायी मिश्रण । उनीहरुको सम्बन्धलाई नाम दिन असम्भव थियो । न त्यो प्रेम बन्यो ? न मित्रता ? या त्योभन्दा बढी केही ? हरेक भेटघाटमा ती अनमोल शब्दहरूको अभाव खड्किँदै गयो, तर मनहरूको निकटता घटेको महसुश नवलले गरेका थिएनन् । सँगै बिताएका ती पलहरू सहरको हलचललाई भुलाउने, मनभित्रको एउटा सौम्य सित्तल हावा जस्तै थिए । अफसोच तर जीवनको वास्तविकताले उनीहरुको सपनाहरूलाई लामो टिक्न दिँदैन । सेजलको एउटा बनावटी मुस्कान सहितको अनुमतिजन्य आग्रहले नवलको मनमा अनेकौं प्रश्न जन्मायो, म केही समयका लागि दिदीघर जाँदैछु है, एक्लो महशुस नगर्नु नि । तर म सम्पर्कमा हुन्छु नि । त्यो सामान्य भनाइमा एउटा सूक्ष्म छुटकारा थियो, जुन नवलले बुझ्न सकेन । समयले आफूलाई छिपाउँदै थियो । दिन विते, हप्ता बित्यो, गन्तीमा महिनाहरू आउन थाले ।

चियाको सुरुपसँगै सेजलले भनिन्, स्कूलमा जीवनभर पढेका किताबहरूले कहिल्यै धोका दिएनन्, तर मान्छेहरू कहिलेकाहीं छुट्टिन्छन् । नवलले सोचे, शायद प्रेम पनि त्यस्तै होला, सुखद र पीडादायी मिश्रण । उनीहरुको सम्बन्धलाई नाम दिन असम्भव थियो । न त्यो प्रेम बन्यो ? न मित्रता ? या त्योभन्दा बढी केही ? हरेक भेटघाटमा ती अनमोल शब्दहरूको अभाव खड्किँदै गयो, तर मनहरूको निकटता घटेको महसुश नवलले गरेका थिएनन् । सँगै बिताएका ती पलहरू सहरको हलचललाई भुलाउने, मनभित्रको एउटा सौम्य सित्तल हावा जस्तै थिए । अफसोच तर जीवनको वास्तविकताले उनीहरुको सपनाहरूलाई लामो टिक्न दिँदैन । सेजलको एउटा बनावटी मुस्कान सहितको अनुमतिजन्य आग्रहले नवलको मनमा अनेकौं प्रश्न जन्मायो, म केही समयका लागि दिदीघर जाँदैछु है, एक्लो महशुस नगर्नु नि । तर म सम्पर्कमा हुन्छु नि । त्यो सामान्य भनाइमा एउटा सूक्ष्म छुटकारा थियो, जुन नवलले बुझ्न सकेन । समयले आफूलाई छिपाउँदै थियो । दिन विते, हप्ता बित्यो, गन्तीमा महिनाहरू आउन थाले । नवलको फदयमा सेजलको नाममात्र रह्यो, अनि अन्ततः मोबाइल स्क्रिनमा एउटा छोटो म्यासेजले नवलको फदय चटक्कै चुँडियो । " माफ गर, म अर्कैकी भइसकेँ !" त्यो म्यासेजका अक्षरहरूले सँगालेका भावनाहरू अचानक थन्किए । नवलको जीवनमा एउटा अधूरो अध्याय बन्द भयो, तर त्यो अन्त्य कसैको विजय थिएन, एउटा आन्तरिक द्वन्द्व थियो, समाजले बनाएको बन्धन र व्यक्तिगत स्वतन्त्रताको टकराव थियो । न कि नवल र सेजलविचको उच्चता र निचताको बन्धनलाई उनीहरुले बुझ्नै सकेनन् । नवलको जस्तै विरहमा अनुप पनि थिए । अनुप नवलका पुराना साथी हुन् । आफैंले प्रेमको पीडामा अनेकौं चोट खाएका युवक हुन् उनी । अनुपको आँखामा थियो नमेटिने गरी गढेको एउटा गहिरो निराशा, जसले प्रेमलाई केवल धोका र भ्रमको नाम मात्र मान्थ्यो । उसले नवललाई सान्तवना दिँदै भने, "के हामी सबैले प्रेमलाई गलत ठानेका थियौं ? कि यो यति क्षणभंगुर र धोखाधडी मात्र हो ?"हामीले एकले अर्कोको भावना बुझ्न कोषिश गरेनौं ? समाजमा गहिरोगरी जमेर बसेको विभेदको गाँठो सदाकालागि फुकाउन हामी कहाँ चुक्यौं ? हामीले समाजको अन्तरविरोध नै बुझेनौं त ? अनि कसरी मान्छेको मन बुझ्न सक्छौं ? तर जीवन आफैं प्रश्नहरूको उत्तर दिन्छ । अनुपको जीवनमा प्रमिला आइन् । एक निःसन्देह, धारिलो, तर अन्तर्मुखी युवती, जसले उसलाई प्रेमको नयाँ अर्थ सिकाइन् । के प्रेम केवल पीडामा मात्र सीमित छ ? प्रमिलाले प्रश्न गरिन् । के प्रेम सौदावाजी हो ? तिमी पुरुषहरुले सोचेकै भरमा कुनै नारीहरुले आफूलाई समर्पण गरिदिउन् ? आत्मनिर्णय त स्वतन्त्रताको सम्मान हो । जहाँ कसैले कसैलाई बाँध्दैन, न त पर्खाइमा थुनिन्छ ।" यो संवादले अनुपलाई परिवर्तनको यात्रा शुरु गरायो । जहाँ उनको प्रेमको अर्थ नियन्त्रण थिएन, न कि पारस्परिक विश्वास र सम्मान नै थियो । त्यसैबीच, नवल र उदय पुराना सम्झनाहरू लिएर भेट भए । उनीहरूले सम्झे ती दिनहरू । साझा सपनाहरू, एउटै क्यान्टिनमा बसेका अधुरो मायाको भाव, चियाको चुस्कीसँगै साटेका समयका यादहरु । प्रमिलाले भनेका सबै कुराहरु सेयर गरे । र दुबैजना निष्कर्षमा पुगे, आजको प्रेममा मात्र सौदाबाजी भएको छ, जहाँ भावनाभन्दा सुविधा र स्वार्थले बढी महत्व पाउने गर्छ । दुबैलाई लाग्यो आजको पुस्ताले बास्तविक प्रेमको भाव नै बुझेको छैन । केवल रुप र विलासीतामा बहकिएको छ नया पुस्ता । सेजलको छुट्टिनुलाई नवलले प्रेमको असफलता होइन, समाजको अस्वस्थ संरचनाको दण्ड ठाने ।

जातीय पूर्वाग्रह, सामाजिक बन्धन, र आधुनिक जीवनशैलीले प्रेमलाई जर्जर बनाएको थियो । उनले समाजलाई मसिनो गरी बुझ्ने मौका पाए । अको साँझ नवल, अनुप र प्रमिला शहरको एउटा शान्त पार्कको कुनामा बसेर प्रेमको नयाँ परिभाषा खोज्दै थिए । नवलले भन्यो, "सेजलले मलाई मेरो अधूरोपनालाई देखाइन्, जुन म आफैंसँग लडिरहेको थिएँ ।" अनुपले प्रमिलालाई हेरेर भन्यो, "तिमीले मलाई प्रेममा स्वतन्त्रताको महत्व सिकायौ ।" प्रमिला मुस्कुराउँदै भनिन्, "प्रेम कुनै गन्तव्य होइन, एउटा यात्रा हो, जसमा सबैभन्दा पहिले आफैसँगको सम्बन्ध बलियो बनाउनु पर्छ ।" त्यस साँझ, उनीहरूको संवादबाट प्रेमको परिभाषा नयाँ रूपमा बदलिएको छ । तीनैजना ती मधुर र पीडादायी अनुभूतिहरूका साथ, नयाँ यात्रामा निस्केका छन्, जो प्रेमलाई बाँध्ने प्रयास नभएर, समाजलाई बुझ्ने, स्वीकार्ने र बदल्ने प्रयासको साझा अभियान उनीहरुको अन्तिम लक्ष हुनेछ । जो कि अब पुस्तौसम्म प्रेममा कसैले धोका खानु नपरोस् ।

*-समकालीन साहित्य डटकम*

क्लासिक निबन्ध — शङ्कर लामिछाने

# निरन्तर बजिरहने एउटा धुन

एउटा धुन छ, जसले झन्डै मलाई दुई वर्षदेखि पछ्याइरहेछ । रातको निस्तब्धतामा मेरा आँखा अनायास खुल्छन् । १२ बजेको होओस् चाहे साढे तीन- त्यो एक धुन कानमा आइरहन्छ । कता-कता मन्दिरमा घन्टा बजेजस्तो, कसैले पियानो बारबार एउटै-एउटै कर्डलाई हिर्काइरहेजस्तो । साथमा मुरली छ, साथमा भ्वायलिन छ र छ तिनको सम्मिश्रणबाट तयार भएको संगीतको एक पंक्ति । यी पंक्ति म लेखिरहँदा, त्यो धुन बारबार मेरो कानमा ठक्कर दिइरहेछ । संगीत प्रेमको विषय हो, संगीत आत्मसात् गरिने वस्तु हो । तर... संगीतले व्यक्तिलाई प्रेमिकाको रूपमा छान्यो भने, एउटै धुन कानमा दोहोर्याइरह्यो भने, व्यक्ति बहुलाउँछ । व्यक्तिले संगीत छान्यो भने, ऊ कलाकार बन्छ ।

आज दुई वर्ष भयो, त्यो धुन मेरो कानमा बजिरहेछ । म त्यो धुन नसुन्न अनेक उपाय अपनाउँछु, तर ऊ बेला-कुबेला कानमा बजिदिन्छ । म ललित-कलाको प्रेमी हुँ, साहित्यको मर्म बुझ्छु, संगीत, चित्रकला सबैतिर मेरो अभिरुचि छ । आफूले जानेको आधारमा राम्रो-नराम्रो छुट्याउने अधिकारको प्रयोग म गर्छु । संसारका सारा वस्तुउपर, कुरै गर्ने हो भने, आफ्नो निर्णय आफैलाई व्यक्त गर्ने मेरो अधिकार छ । तिनको प्रयोग म नगर्ने होइन (हीथको कमनवेल्थ कन्फरेन्सका भाषण पनि म पढिदिन्छु र त्यहाँ पनि आफ्ना धारणा म उभ्याइदिन्छु) । प्रत्येक व्यक्तिले भोग्न पाइने अधिकार हो यो, ठिक हो अस्वाभाविक परिस्थितिका समक्ष परेर अभिव्यक्तिको शैलीमा अन्तर पर्न सक्ला, तथापि आन्तरिक प्रतिक्रियामा कसैले पनि प्रभाव पार्न सक्दैन । सिवाय यस संगीतको, जो बारबार मेरा कानमा बज्रिन्छ । यो धुन फेरि बाहिर जन्मेर मेरा कानका माध्यमद्वारा मभित्र पसेको पनि होइन, यो त मभित्र नै जन्मेको ।

सहर ब्युँझुञ्जेल यो सुतिरहन्छ, सहर निदाएपछि यो ब्युँझिन्छ र अनि मेरो श्वास-प्रश्वास, फदयको धडकन, नाडीको स्पन्दन, पलकको झिमझिम, इत्यादिको सहारा लिई एक अर्केष्ट्राको सिर्जना गर्छ- तर, धुनको एकनासेपनसहित जुन दोहोरिरहने बानी छ, त्यसले गर्दा म निस्सासिन्छु । संगीतको अभिव्यक्तिको क्षमता मेरो छैन । तापनि, मलाई विश्वास छ यो धुन एक विशेष प्रतीकात्मक सन्देश हो मकहाँसम्म प्रसारित भइरहेको एक अलौकिक शक्तिको । तर पनि म बुझ्दिनँ, त्यस अलौकिक अज्ञात शक्तिले केही सन्देश मकहाँसम्म पुर्याउने चाहना गर्छ भने, जुन माध्यममा म सबभन्दा निरीह छु, त्यही माध्यम किन अपनायो ! एउटा भिजन दिएको भए पनि हुने, म चित्रकलामा त्यसलाई परिणत गर्न सक्थेँ, निबन्धमा अंकित गर्न सक्थेँ । जस्तो, कैयन्पटक मसँग भएको छ, कथाका रूपमा म नवीन रचना पाउँछु स्वप्नमा र त्यसलाई कागजमा सारिदिनु मात्र पर्छ मैले, त्यो स्वयं प्रसिद्धि ओगट्छ । यहाँ मेरो काम हलकाराको काम मात्र हो, भरियाको काम मात्र हो, डोलेको काम मात्र हो । त, यदि त्यस महान् अलौकिक शक्तिले मेरो माध्यमद्वारा केही भन्न खोजेको हो भने, यो अनौठो रहस्यात्मक, कष्टप्रद तथा अबुझनीय शैली किन ? जो मान्छे स्वरको निर्धन छ, जो सा रे ग म चिन्दैन, उसलाई धुनको आधारमा संकेत दिनु, दिने र पाउने दुवैको श्रम दुरुपयोग हो । रातको यस अन्धकारमा, त्यो संकेत, त्यो धुन मेरा कानमा बारबार बज्रिरहेछ । म त्यसलाई पक्डिने तरखरमा छु । कलम अब रोक्छु र नक्साको आधार लिन्छु । थाहा छैन, कुनै संगीतकारले अनाडीको यस अक्षम अभिव्यक्तिको आधारमा त्यो दिव्य तथा कष्टप्रद संगीतको-धुन एक पंक्तिको अर्थै बुझ्ला र त्यही रूपमा, जुन रूपमा मैले त्यो पकडेको छु, पकडला र पुनः प्रसारित गर्ला ! यहींनिर त मलाई रुन मन लाग्छ, लाग्छ म बहुलाउँछु । रात भनेको व्यक्ति विशेषको आफ्नो सम्पत्ति हो । अरबपति होओस् चाहे कौडीपति-रात आफ्नो ढंगले भोग्छन् सबै । कोही ब्युँझेर चोर्लान्, कोही चोरेर ब्युँझलान् । कसैको मिलनको बेला पर्ला, नसुत्ला, कसैको बिछोडको बेला पर्ला, नसुत्ला । कसैको जन्मदिवस होला, कसैको मृत्यु-घडी । फरक केही छैन, सबै रात आफ्नै ढंगले बिताउँछन्, यो उनीहरूको जन्मसिद्ध अधिकार हो । म मात्र यस अधिकारबाट किन वञ्चित गरिन्छु ? किन केही धुनले मलाई त्रास दिन्छ ? हो, साइकिक भएको कुरा म जान्दछु । कमसेकम दुर्घटनाको पूर्वाभाव मलाई हुन्छ । जीवनका अनेक घटना छन्, जसका आधारमा म भन्न सक्छु, मेरा वान्धव मित्र वा सम्बन्धीको मृत्यु हुन्छ अब ! तर, यो माध्यम मेरो होइन । म कसरी बुझूँ यसको अभिव्यक्ति ? यस उमेरमा संगीत सिकेर, गाउन थालेर पनि यसको सम्भावना छैन । (यति लेखिसकेको थिएँ, निबन्ध पूरा भएको थिएन । साह्रो थकानको अनुभव भयो मलाई, निबन्ध अधुरो नै रह्यो । अनि, आयो सरस्वती पूजाको दिन । काठमाडौंको सबैभन्दा पूजनीय सरस्वतीस्थलको बाटोमै मेरो घर पर्दछ । अम्बर आइपुग्यो मकहाँ । यही लेखको पूर्वार्द्धबारे मैले दिनमा उसँग चर्चा गरेँ । दिनभरका हाम्रा चर्चा अनेक विषयवस्तु, अनेक मित्र तथा मुख्य गरी मृत्युको पूर्वाभासलाई ओगट्यो) । मृत्युको पूर्वाभास मलाई जताउन खोजेजस्तो लाग्यो यस धुनले । त्यो मैले पछि गएर थाहा पाएँ । अगमसिंह गिरी त्रिभुवन विमानघाटबाट भद्रपुर हुँदै जाने दिन मौकाले म त्यहाँ उपस्थित थिएँ । १० बजेको समय, म उहाँको छेउमा पुगेँ । टारमा एक्लै, खल्तीमा दुई हात घुसारी उहाँ गणेश हिमाल हेरिरहनुभएको । ठट्यौलो रूपमा भनेँ, "हिमाल स्वच्छ छ, हगि ?" सुन्नु भएन । फेरि दोहराएँ । सुन्नु भएन । हलुकासँग औंलाले काँधमा छोएँ । अनि, झस्केर मतिर फर्कनुभयो । प्रश्न मैले तेहर्याएँ । अनि, पुनः हिमालतिर फर्कनुभयो, मेरा उद्गार जाँच्न मानौँ र भन्नुभयो, "अँ" । स्वर मानौँ खोक्रोपनको भारले दबेको, आँखा मानौँ शून्यताको सजीव प्रतीक । अन्य एक-दुई मित्र पनि थिए । ती पनि आए । वार्तालाप गर्ने र वातावरणलाई बिदाइको कष्टबाट हलुका पार्ने निकै प्रयास गरियो । काठमाडौंस्थित अमेरिकी राजदूतका प्रतिबन्कर छुट्टी मनाइ विशेष यानद्वारा फर्कँदै थिए । उनीहरूका सम्बन्धमा मैले चर्चा गरेँ । त्यहाँ पनि कुनै हलुका मुस्कान छैन । हुँदा-हुँदा प्रस्थानको घडी जताउँदा 'जाउँ है' पनि नभनी उहाँ प्लेनको भर्याङतिर लाग्नुभयो । भनेँ, "वहाँ ! गिरीज्यू, हात पनि नमिलाई, छाती पनि नजोरी त्यसै जाने ।" त्यो अन्तिम अंकमाल थियो हाम्रो । अनि, उहाँसँगै त्यही प्लेनमा जाने र खर्साङसम्म सँगै यात्रा गर्ने एकजना दाजुको समक्ष अस्ति उनकै चर्चा भयो । अनायास मैले भन्न पुगेँ, "दाइ, एयरपोर्टमा जुन प्रकारको व्यवहार उहाँको थियो, त्यो देख्दा मलाई लागेको थियो यो मान्छे साह्रै एक्लिएर जाँदै छ । निकै ठूलो वेदना यसका छातीमा छन्, जसले गर्दा आँखा र कान पनि ऊ बन्द गर्न चाहिरहेछ ।" उनले भनेका थिए, "ठिक त्यस्तै व्यवहार झन्डै खर्साङसम्म रह्यो, उनको ।" त, कलाकार कविको सूक्ष्मतम अनुभूतिसम्म बुझ्न सक्ने क्षमता भएको उनको फदयले मृत्युको निशतब्ध पदचाप पनि सुनिसकेको हो कि ? नत्र भने, नेपाली संस्कृति र साहित्यलाई सेवा गर्ने त्यो महान् योद्धाले सारा नेपाली जगत सरस्वती पूजा गर्न तम्सेको दिन, काठमाडौंका ज्योतिषहरूद्वारा विशेष मुहूर्त निकालेको घडी, मृत्युलाई अँगाल्नुभन्दा ठूलो व्यंग्य हाम्रो लागि अरू के हुन सक्छ ? त्यस धुनले अरू के-के गर्ने हो, थाहा छैन । त्यो अझै बजिरहेछ ।

संगीतको अभिव्यक्तिको क्षमता मेरो छैन । तापनि, मलाई विश्वास छ यो धुन एक विशेष प्रतीकात्मक सन्देश हो मकहाँसम्म प्रसारित भइरहेको एक अलौकिक शक्तिको । तर पनि म बुझ्दिनँ, त्यस अलौकिक अज्ञात शक्तिले केही सन्देश मकहाँसम्म पुर्याउने चाहना गर्छ भने, जुन माध्यममा म सबभन्दा निरीह छु, त्यही माध्यम किन अपनायो ! एउटा भिजन दिएको भए पनि हुने, म चित्रकलामा त्यसलाई परिणत गर्न सक्थेँ, निबन्धमा अंकित गर्न सक्थेँ । जस्तो, कैयन्पटक मसँग भएको छ, कथाका रूपमा म नवीन रचना पाउँछु स्वप्नमा र त्यसलाई कागजमा सारिदिनु मात्र पर्छ मैले, त्यो स्वयं प्रसिद्धि ओगट्छ । यहाँ मेरो काम हलकाराको काम मात्र हो, भरियाको काम मात्र हो, डोलेको काम मात्र हो ।

*-साहित्यपोस्ट डटकम*

# पाल्पामा 'लोकतन्त्र र संविधान बचाऔं' भन्ने कामना गर्दै मौन प्रदर्शन





**पाल्पा,** भदौ २७ /पाल्पामा 'लोकतन्त्र बचाऔं, संविधान बचाऔं' भन्ने कामना गर्दै मौन प्रदर्शन गरिएको छ ।

नेपाल पत्रकार महासंघ पाल्पा शाखाको संयोजनमा बार एकाई, शिक्षक संघ सहितको सहभागीतामा मौन प्रदर्शन गरिएको हो ।तानसेनस्थित शितलपाटीमा भएको प्रर्दशनमा देशमा शान्ति कायम गर्न आह्वान गरिएको छ । 'जेनजी' पुस्ताका युवाको जायज मागलाई पूरा गर्दै लोकतन्त्र र संविधानको रक्षासँगै देशमा शान्ति सद्भाव कायम होस् भन्ने उद्देश्यले मौन प्रर्दशन गरिएको नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष कमलराज तिमिल्सेनाले बताए । उनले देशको विकास र समृद्धिका लागि शान्ति अपरिहार्य रहेको र सबै मिलेर सद्भावको वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिए ।

# आज विश्व प्राथमिक उपचार दिवस मनाइँदै




**पाल्पा,** भदौ २७/आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी विश्व प्राथमिक उपचार दिवस मनाइँदै छ । प्राथमिक उपचारको महत्वका विषयमा समुदायमा चेतना अभिवृद्धि गर्ने र प्राथमिक उपचार गर्ने स्वयंसेवकहरूलाई सम्मान गरी उत्प्रेरणा बढाउने उद्देश्यले हरेक वर्ष सेप्टेम्बर महिनाको दोस्रो शनिबार यो दिवस मनाउने गरिन्छ ।

देशभर प्राथमिक उपचार पद्धतिको विकास गरि मृत्युदर कम गर्ने, स्वास्थ जनचेतना फैलाउने, देशमा स्वास्थ्यमा परिवर्तनको संवाहक बन्दै देशका लागि केही योगदान दिने दिवसको उद्देश्य रहेको छ । प्राथमिक उपचार भनेको दुर्घटनामा परेका व्यक्तिलाई उसको समस्याको सही आंकलन गरी त्यसको निदानका लागि तुरुन्तै प्रदान गरिने सेवा हो । अर्को अर्थमा भन्दा कुनै व्यक्तिलाई चोटपटक लागेपछि वा ऊ बिरामी भएपछि अस्पताल पुऱ्याउनुअघि गरिने सबैभन्दा सुरुको उपचार पद्दतिलाई प्राथमिक उपचार भनिन्छ । कुनै पनि दुर्घटनामा घाइते हुनेलाई बचाउन प्राथमिक उपचारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । दिवसमा प्राथमिक उपचार ज्ञान र सीपको प्रवर्द्धन गर्ने खालका अभिमूखीकरण, कृत्रिम घटना अभ्यास, आकस्मिक प्राथमिक उपचार सीप प्रवर्द्धन लगायतका गतिविधिहरू आयोजना गर्ने गरिन्छ । नेपालमा हरेक वर्ष सयौं जनाले सडकमा हुने दुर्घटनाका कारण ज्यान गुमाउने गरेका छन् । दुर्घटनामा घाइते बन्न पुगेकाहरूलाई सामान्य प्राथमिक उपचार प्रदान गर्ने हो भने पनि उसको ज्यान जोगिने सम्भावना बढेर जान्छ । सानादेखि ठूलासम्मका दुर्घटनामा घाइते हुन पुगेकालाई प्राथमिक उपचार दिने हो भने उसको ज्यान जोगाउन पनि सहज हुन्छ ।

## खेलकुद समाचार

# टी-२० क्रिकेटमा बङ्गलादेशले हङकङलाई हरायो



**काठमाडौं,** भदौ २७/एशिया कप टी-२० क्रिकेटमा बङ्गलादेशले हङकङलाई हराएको छ । खेलमा बङ्गलादेशले हङकङलाई सात विकेटले पराजित गरेको हो । हङकङले दिएको एक सय ४४ रनको लक्ष्य पछ्याएको बङ्गलादेशले १७ ओभर तीन बलमा तीन विकेट गुमाएर भेटायो । बङ्गलादेशका लागि कप्तान लिट्टन दासले ५९ र तौहिद फदयोयले ३५ रन बनाए । हङकङका अतीक इकबालले दुई तथा आयुष शुक्लाले एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङ गरेको हङकङले सात विकेट गुमाएर एक सय ४३ रन बनायो । हङकङका निजाकत खानले ४२ र जीशान अलीले ३० रन बनाए । बङलादेशका तस्किन अहमद, तन्जिम हसन साकिब र रिशाद हुसेनले समान दुई विकेट लिए । आठ वटा टोली सहभागी प्रतियोगिताको समूह 'ए' मा भारत, यूएई, पाकिस्तान र ओमान छन् । यस्तै समूह 'बी' मा अफगानिस्तान, हङकङ, बङ्गलादेश र श्रीलङ्का छन् । एशिया कपको फाइनल खेल आउँदो सेप्टेम्बर २८ अर्थात् असोज १२ मा हुनेछ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# कोरला नाकाबाट दसैंका लागि आउन थाले लत्ताकपडा र विद्युतीय गाडी



**पाल्पा,** भदौं २७/दसैं नजिकिँदै गर्दा सिन्धुपाल्चोकको तातोपानी र रसुवाको रसुवागढी नाका ठप्प छन् । असार २४ गते लेन्दे खोलामा आएको बाढीले नेपाल-चीन जोड्ने पक्की पुल बगाएसँगै यो नाका ठप्प बनेको हो । त्यस्तै अरनीको राजमार्ग अन्तर्गत कोदारी खण्डमा पहिरो गएसँगै तातोपानी नाका चल्न सकेको छैन ।

उक्त राजमार्ग अन्तर्गत नै पर्ने डाक्लाङमा पहिरो गएपछि थप समस्या भएको छ । यी दुबै नाका दसैं अघि सञ्चालनमा आउने सम्भावना न्यून रहेकै बेला मुस्ताङस्थित नेपाल-चीन जोड्ने कोरला नाकाबाट भने धमाधम सामान भित्रिरहेको छ । सबै पूर्वाधार तयार पारेर कोरला नाका सञ्चालनमा ल्याइएको मुस्ताङ भन्सार कार्यालयका भन्सार अधिकृत रमेश खड्काले बताए । 'भदौ २१ गतेदेखि भन्सार कार्यालयबाट काम सुरु गरेका हौं,' उनले भने, 'अहिलेसम्म यो नाकाबाट ३५ वटा विद्युतीय गाडी र लत्ताकपडा सहित तयारी सामान बोकेका ३० वटा कन्टेनर नेपाल भित्रिएका छन् ।' चीनको लिजिसम्म चीनकै कन्टेनरले सामान ल्याउँछन् । त्यसपछि नेपालबाट गएका कन्टेनरले त्यहाँबाट सामान लोड गरेर ल्याउँछन् । 'नाका कोरलामै हो, यहाँबाट लिजी ५ सय मिटर दूरीमा पर्छ,' उनले भने, 'भन्सार कार्यालय भने नेचुङमा छ, जुन ठाउँ ३ हजार ९ सय टिमरको उचाईमा पर्छ ।' यहाँबाट कोरला नाका १४ किलोमिटर दूरीमा रहेको उनले बताए । कोरला नाका भने ४ हजार ६ मिटर उचाईमा पर्छ । 'समस्या नेपालबाट सामान लिन गएका कन्टेनर हाई अल्टिच्युटकाकारण स्टार्ट नभई विचमै रोकिने गरेका छन्, एकछिन स्टार्ट बन्द गरेर राख्दा पुन: स्टार्ट गर्न समस्या हुने गरेको छ,' उनले भने, 'जसले गर्दा छिटो गन्तव्यमा पुगेर सामान ल्याउन समस्या छ ।' नाकामा भन्सार कार्यालयको भवन छैन । विद्युतीय गाडी नाकाबाट नेपाल भित्राएपछि चार्ज गर्ने ठाउँ नहुँदा समस्या थपिएको छ । 'अहिले चार्जीङ स्टेसन राख्ने तयारी हुँदै छ,' उनले भने, 'जोमसोम हुँदै विद्युतीय गाडी पोखरा, काठमाडौं लिएर जान ठाउँ-ठाउँमा चार्जिङ स्टेसन चाहिन्छ ।' अहिले दसैंका लागि लत्ताकपडा लिन नेपालबाट दुई सय कन्टेनर चीनतर्फ गएको उनले सुनाए ।

'चीनले कति गाडी पारी जान दिन्छ, त्यो अनुसार कन्टेनरले सामान लिएर आउने हो,' उनले भने, 'फेरि चीनसँग राम्रो सहजीकरण पनि भइसकेको छैन, भाषाको पनि समस्या छ ।' 'यता दसैं नजिकिँदै गर्दा तातोपानी नाका सुनसान छ । यो नाका भएर दसैंमा तयारी सामानसँगै स्याउ लगायतका फलफूल भित्रने गर्छ । चाडबाडका बेला अघिपछि भन्दा भित्रने कन्टेनरको संख्या बढी हुन्छ । दसैंका बेला चहलपल बढी हुन्थ्यो । लत्ताकपडा आउँथ्यो । भन्सार कार्यालयले चालु आर्थिक वर्षमा राजस्व संकलनको लक्ष्य ४० अर्ब १६ करोड रुपैयाँराखेको छ । साउन र भदौमा राजस्व संकलनको लक्ष्य ७ अर्ब रुपैयाँ थियो । यी दुई महिनामा केही पनि उठेको छैन । असोजमा मात्र राजस्व संकलनको लक्ष्य साढे ३ अर्ब रुपैयाँ छ । चालु आर्थिक वर्षको तिहारपछि नियमित रूपमा नाका खुलेर सामान आए पनि वर्षभर राखिएको कुल लक्ष्यमा १२ अर्ब कम राजस्व संकलन हुने प्रमुख भट्टराईको भनाइ छ ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई